### पूर्व सिकाइको मान्यताबाट रोजगारदातालाई के फाईदा हुन्छ ?

- संस्थाका कर्मचारीहरुको योजना र वृत्ति विकासमा सघाउँछ। कर्मचारीमा भएका सीप र सीप अभावका क्षेत्रहरु पहिचान गरी कमी भएका सीपहरुमा मात्र उपयुक्त तालिम प्रदान गरे पुग्दछ।
- योग्यता पूरा गर्न चाहिने समय घटाएर कार्यस्थलबाट थोरै समय मात्र बाहिर गए पुग्ने अवस्था ल्याउँछ।
- कार्यस्थलमा कर्मचारीको अभिप्रेरणा र रुचि बढाउन मद्दत गर्दछ।
- कर्मचारीको स्थिरता बढाउँछ, एउटै काम धेरैले गर्ने प्रवृत्ति हट्छ तथा कर्मचारी भर्ना र तालिम खर्च घटाउन मद्दत गर्दछ।

### पूर्व सिकाइको मान्यताको लागि कहाँ निवेदन दिन वा सम्पर्क गर्न सकिन्छ ?

पूर्व सिकाइको मान्यताको मूल्याङ्कनका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT), राष्ट्रिय सीप परीक्षण समिति (NSTB), सानोठिमी, भक्तपुर, CTEVT प्रदेश कार्यालयहरु तथा तोकिएका अन्य कार्यलयमा सम्पर्क गर्न सकिन्छ।

**सम्पर्क विवरण:**

फोन: ०१-६६३८१५३, ०१-६६३५६९९ | एक्सटेन्सन नं. २०८ | हटलाईन: ९८५११६३९६४

@ info@nstb.org.np   www.nstb.org.np

## लाभग्राहिका भनाई:



"पूर्व सिकाइ मान्यता मूल्याङ्कन प्रक्रियाबाट मैले पाक कला, तह २ को एकाई प्रमाणपत्र पाएको छु। यसले मेरो काममा आत्मविश्वास बढाएको छ। अब मलाई पाक कला, तह २ को पूर्ण योग्यता प्रमाणपत्र लिने इच्छा छ।"

**सविन श्रेष्ठ**
**पार्क भिलेज रिसोर्ट**



"लामो समय कार्यरत तर कुनै औपचारिक प्रमाणपत्र नभएका हाम्रा कर्मचारीले पूर्व सिकाइ मान्यता मूल्याङ्कन प्रक्रियाबाट प्रमाणपत्र पाएका छन्। हामीले यस प्रमाणपत्रलाई उनीहरुको तलव बृद्धिको मापदण्ड बनाउँने योजना बनाएका छौं।"

**भुवन शाक्य**
**वरिष्ठ परियोजना व्यवस्थापक, सी.इं. कन्सट्रक्सन**

नेपाल व्यावसायिक योग्यता प्रणाली – NVQS परियोजना स्वीस सरकारको सहयोगमा सिटिईभिटी/ राष्ट्रिय सीप परीक्षण समितिद्वारा स्वीस कन्ट्याक्टको प्राविधिक सहयोगमा सञ्चालित रहेको छ।

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC



# पूर्व सिकाइको मान्यता
# RECOGNITION OF PRIOR LEARNING (RPL)

Nepal Vocational Qualifications System (NVQS)

swisscontact





## भूमिका

सबै व्यक्तिले औपचारिक वा अनौपचारिक शिक्षा वा तालिम लिने अवसर पाउँदैनन् । तर व्यवहारिक रुपमा विभिन्न पेशामा आवद्ध हुँदा थुप्रै अनुभव र सीप प्राप्त भएको हुन्छ । व्यक्तिले दैनिक कार्यहरु, घर तथा पारिवारिक क्रियाकलाप र सामुदायिक सहभागीता जस्ता वास्तविक जीवनका अनुभवबाट पनि सिक्ने अवसर पाईरहेको हुन्छ । तर यसरी वर्षौंको व्यवहारिक अनुभव भएका र काम गर्दै सिकेर दक्षता प्राप्त गरेका व्यक्तिहरुको यस्तो योग्यता र दक्षताको सहि मूल्याङ्कन नहुँदा र यसले धेरै ठाउँमा मान्यता नपाउँदा थप अवसरहरुबाट बन्चित हुनु परेको अवस्था छ । यहि समस्याको समाधान गर्नका लागि थुप्रै देशहरुले पूर्व सिकाइको मान्यताको विधिलाई प्रचलनमा ल्याएका छन् ।

## पूर्व सिकाइको मान्यता के हो ?

पूर्व सिकाइको मान्यता व्यक्तिले कुनै पनि माध्यमबाट आर्जन गरेको सीप तथा ज्ञानको मान्यता प्रदान गर्ने मूल्याङ्कन विधि हो । यो औपचारिक शिक्षा बिनाको सिकाइको मान्यताको मूल्याङ्कन प्रक्रिया हो । नेपाल बाहेक अन्य थुप्रै देशहरु जस्तै अस्ट्रेलिया, बेलायत, मलेशिया, क्यानेडा, फ्रान्स, श्रीलंका, पाकिस्तान आदिमा पनि पूर्व सिकाईको मान्यताको मूल्याङ्कन विधि प्रयोगमा रहेको छ ।

## पूर्व सिकाइको मान्यताको लागि कसले निवेदन दिन सक्दछ ?

आफुले प्राप्त गरेको ज्ञान र सीपको मान्यता लिन इच्छुक व्यक्तिले पूर्व सिकाइको मान्यताको लागि निवेदन दिन सक्दछन् । आफ्नो सीपको आधिकारिक प्रमाणपत्र नभएका व्यक्तिहरुको लागि पूर्व सिकाइको मान्यता एउटा ठूलो अवसर हुन सक्दछ । आफ्नो योग्यता बढाउन चाहने तर औपचारिक शिक्षा छाडिसकेका, आफ्नो स्तर वृद्धिका लागि सीप प्रमाणपत्र चाहने कर्मचारी, विदेशमा राम्रो रोजगार पाउँन आफ्नो सीपको मान्यता र प्रमाणीकरण चाहने कामदार आदिले आफ्नो सीप र योग्यताको मूल्याङ्कन गराई प्रमाणपत्र लिन पूर्व सिकाइको मान्यताको लागि निवेदन दिन सक्दछन् ।

## पूर्व सिकाइको मान्यताको चरणवद्ध प्रक्रिया कस्तो हुन्छ ?

पूर्व सिकाइ मान्यता प्रकृया सामान्यतया निम्न तीन चरणमा सम्पन्न हुन्छ – परामर्श, मूल्याङ्कन, र मूल्याङ्कन पछि ।

- यसको पहिलो चरणमा मूल्याङ्कन गराउन ईच्छुक व्यक्ति वा आवेदकलाई उचित परामर्श तथा आवश्यक सूचना प्रदान गरी मूल्याङ्कनका लागि तयार पारिन्छ ।
- दोस्रो चरणमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रमाणका आधारमा व्यक्तिसंग भएको सीप, दक्षता र अनुभवको परीक्षण तथा मूल्याङ्कन गरिन्छ । यस्तो विवरणलाई पोर्टफोलियो पनि भन्न सकिन्छ ।
- तेस्रो चरणमा मूल्याङ्कनका आधारमा आवेदकलाई प्रमाणपत्र प्रदान गरी त्यसको अभिलेख राखिन्छ ।

## पूर्व सिकाइको मान्यताको चरणवद्ध प्रक्रिया बारे निम्न चित्रले स्पष्ट जानकारी प्रदान गर्दछ ।

| पहिलो चरण: परामर्श | दोस्रो चरण: मूल्याङ्कन | तेस्रो चरण: मूल्याङ्कन पछि |
| --- | --- | --- |
| १ सूचना र सोधपुछ | ४ पोर्टफोलियोको मूल्याङ्कन | ७ प्रमाणीकरण र अभिलेख व्यवस्थापन |
| २ पोर्टफोलियोका लागि निवेदन | ५ RPL अन्तर्वार्ता | ८ मूल्याङ्कन पछिको परिमार्जन |
| ३ स्व: मूल्याङ्कनका लागि सहयोग | ६ प्रयोगात्मक मूल्याङ्कन | |

## पूर्व सिकाइको मान्यताबाट व्यक्तिलाई के फाईदा हुन्छ ?

- कामको अनुभवबाट प्राप्त सिकाइले औपचारिक मान्यता पाउँछ ।
- अनुभव तथा पूर्व सिकाइले मान्यता पाउने हुँदा औपचारिक अध्ययनमा लाग्ने समय, खर्च र मेहनतको बचत हुन्छ ।
- न्यून लगानीमा योग्यता प्रमाण-पत्र हासिल गर्न र थप अनुभव वा तालिम चाहिने क्षेत्रहरुको पहिचान गर्न मद्दत गर्दछ तथा माथिल्लो स्तरको अध्ययन वा तालिमको अवसर प्रदान गर्न सक्दछ ।
- पूर्व सिकाइको प्रमाणीकरण हुँदा आत्मविश्वास र आत्म-सम्मान बढ्दछ ।
- तयार भएको पोर्टफोलियो व्यक्तिको दक्षताको प्रमाण बन्छ जसले गर्दा थप अवसर प्राप्त गर्न मद्दत पुग्दछ ।